# निस्दी गाउँपालिका

# स्थानीय राजपत्र

## शिक्षक दरबन्दी मिलान तथा ब्यवस्थापन कार्यविधि २०७७

**गाउँकार्यपालिकाबाटपारित मिति २०७७/०८/१४**

निस्दी गाउँपालिका शिक्षा समिति र कार्यदलबाट तयार भई
गाउँकार्यपालिका बाट मिति २०७७/०८/   मा स्वीकृत गरिएको ।
शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७७

प्रस्तावना: नेपाल सरकार,मन्त्री परिषद्बाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको शिक्षक र शिक्षा विकास तथा समन्वय इकाई पाल्पा वाट स्थानिय तहगत रुपमा हाल उपलब्ध गराइएको प्राथमिक तहको दरवन्दी र राहत कोटाको तेरिजलाई शिक्षा ऐन २०२८को दफा ११ को उपदफा ५ को खण्ड च बमोजिमको दरवन्दी  मिलानको कार्य स्थानिय तहगत रुपमा बांडफाड गरी दरबन्दी मिलान गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६/०५/०४को निर्णय, शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७६ , शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको मिति २०७७।०६।  को निर्णय अनुसार हालको प्राथमिक

तहको १७४ दरवन्दी र ५० राहत गरी जम्मा २२४कोटा मध्ये १६४ कोटा प्राथमिक तहमा र ६० पुलमा राखी ५४ निम्न माध्यमिक र६ माध्यमिक तह का न्युन शिक्षक कोटा भएका विद्यालयमा मिलान एवं व्यवस्थापन गर्ने भनी लेखिई आएकोले स्थानिय सरकार संचालन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ को परिच्छेद ३ दफा ११ उप दफा २ ज को ११ को अधिकार प्रयोग गरी प्रकृयागत रुपमा सरल,सहज र पारदर्शी ढंगबाट कार्यान्वयन गर्न बान्छनिय भएकोले निस्दी गाउँपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१.१ संक्षिप्त नाम र प्रारम्भः

१. यस कार्यविधिको नाम शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७७ रहेको छ ।

२. यो कार्यविधि गाउँकार्यपालिकावाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुने छ ।

२. परिभाषाः

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क. इकाई भन्नाले ‘.

ख . ऐन

ग. केन्द्र

घ. दरवन्दी

ङ. नियमावली

च. प्रदेश मन्त्रालय

छ. प्रधानाध्यापक

ज. प्रमुख

झ. मन्त्रालय

ञ.विद्यालय

ट. स्थानिय तह

ठ. विद्यालय समायोजन

ड. कार्यपालिका

ढ. शिक्षा समिति

ण. शिक्षक

त. कार्यदल

## परिच्छेदः२
## विबरण अध्यावधिक गर्ने

१. विवरण अध्यावधिक गर्नेः

कार्यदलले विद्यालयको कक्षागत एवं तहगत विद्यार्थीर शिक्षकहरुको विवरण अध्यावधिक गर्नु पर्ने छ। विवरण अध्यावधिक गर्दा२०७५/११/२३ सम्म अनलाइन प्रणालीबाट भरिएको शैक्षिक तथ्यांक, २०७६ सालको विद्यार्थी विवरण,२०७६को बार्षिक परिक्षामा सम्मिलित विद्यार्थी संख्या, २०७७ सालको विद्यार्थी संख्या समेतलाई आधार लिन सकिने छ। शिक्षक विवरण अध्यावधिक गर्दा विद्यालयमा हाल कार्यरत स्थायी , अस्थायी राहतर रिक्त पद समेत गणना गर्नु पर्ने छ ।

२. शिक्षक विद्यार्थी अनुपात निकाल्नेः

समितिले विद्यालयहरुमा माथि उल्लेखित बमोजिम कायम रहेको विद्यार्थी संख्यार तत्काल स्थलगत अनुगमनबाट समेत प्राप्त विद्यार्थी विवरण र २०७६/५/४मा शिक्षा तथा मानवस्रोत विकास केन्द्रवाट दरवन्दी मिलानकालागि प्राप्त शिक्षक कोटालाई आधार मानी शिक्षक विद्यार्थी अनुपात निकाल्नु पर्नेछ। विद्यालयमा सञ्चालित तह र कक्षालाई थप आधार मानिनेछ ।

## परिच्छेद-३
## शिक्षक दरवन्दी मिलान सम्बन्धि व्यवस्था

१. शिक्षक दरवन्दी मिलानः

शिक्षक दरवन्दी मिलान देहायको आधारमा गरिने छ ।

क) नियमावलीले हिमाल पहाड तराई को लागि कायम गरेको शिक्षक विद्यार्थी अनुपात र सो नियमावलीको अनुसुची -१२ मा उल्लेख भएको विद्यालयमा रहनुपर्ने दरवन्दीको आधारमा सम्वत् २०७५/११/२३ सम्म अनलाइन प्रणालीवाट भरिएको शैक्षिक तथ्यांक,२०७६को शैक्षिक तथ्यांक ,२०७६ को बार्षिक परिक्षामा सम्मिलित विद्यार्थी संख्या , २०७७ सालको विद्यार्थी संख्या र पहाडको लागि शिक्षक-विद्यार्थी अनुपात १:४५ लाई स्थानीय तहको शिक्षक को मौजुदा अवस्था , हाल विद्यालयमा संचालित कक्षा र तह एवं आवस्यकतालाई आधारको रुपमा लिने ।

ख) दरवन्दी पुनर्वितरण गर्दा साविकमा रहेका प्राथमिक तह(कक्षा१-५), निम्न माध्यमिक तह (कक्षा ६-८), मा( ध्यमिक तह(कक्षा ९-१०)र उच्च माध्यमिक तह (कक्षा ११-१२) लाई आधारको रुपमा लिने ।

ग) दरवन्दी पुनर्वितरण गर्दा नेपाल सरकारले विद्यालयलाई उपलब्ध गराएको प्राथमिक (महिला शिक्षा परियोजना समेत ) निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहको दरवन्दी, राहत अनुदान लाई समेत गणनागर्ने ।

घ) शिक्षक आवस्यकताको पहिचान गर्दा स्थानिय तहमा वित्तिय हस्तान्तरणको प्रयोजनको लागि जिल्ला शिक्षा समितिले विद्यालयमा वाँडफाड गरेको दरवन्दीलाई आधार मानेर साविकको जिल्ला शिक्षा कार्यालयले उपलब्ध गराएको देशभरका दरवन्दी प्राथमिक तर्फ का

कतिपय स्थानिय तहमा बचत हुन आउने र निम्न माध्यमिक तथा माध्यमिक तहको प्राय:धेरै विद्यालयमा दरबन्दी अपुग हुने र आवस्यक संख्यामा दरवन्दीस्वीकृत हुन नसक्दा सम्म हाल प्राथमिक तहमा वढी हुन आउने दरवन्दी वाटै पुर्ति गर्ने ।

ङ) कुनै विद्यालयमा माथिल्लो तहमा दरवन्दी अपुग भएको अवस्थामा तल्लो तहमा बढी भएको रहेछ भने सबै तहको शिक्षक दरवन्दी एकमुष्ठ गणना गरी नियमावली बमोजिम न्यूनतम दरवन्दी सुनिस्चित गरी स्थानिय तहगत दरबन्दी मिलान गर्ने ।

च) दरवन्दी मिलान र पुनर्वितरण गर्दा सामाजिक न्याय, मानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिदै गुणस्तरिय शिक्षा प्रवर्धनमा जोड दिन वढिभएको शिक्षक दरवन्दी मिलान र पुनर्वितरण गर्ने ।

छ) हाल रिक्त रहेको वा कुनै कारण वाट पद रिक्त हुन आ( एमा दरवन्दी मिलान कार्य सम्पन्न नभएसम्म त्यसको पद पुर्ति नगर्ने ।

## परिच्छेद -४

## विद्यालयगत रुपमा आवस्यक शिक्षक व्यवस्था गर्दा लिइने आधारहरु :

४.१ नियमावलिको अनससुचि १२ अनुसार १-३ कक्षा संचालन भएका सामुदायिक विद्यालयमा न्यूनतम २, कक्षा १-५ संचालन भएको विद्यालयमा न्यूनतम ३, कक्षा ६-८ मा न्यूनतम ४ , कक्षा ९-१० मा न्यूनतम ५ , कक्षा ११-१२ मा न्यूनतम ३ शिक्षक कायम गर्ने । त्यसो गर्दा पुल दरबन्दी संख्या र अनुमति प्राप्त गरेको मितिले ज्येष्ठ विद्यालयले क्रमिक रुपले शिक्षक कोटा पाउने ब्यवस्था गरिने छ ।

४.२ कुनै विद्यालयमा प्रा. वि. तहमा औषत भन्दा तीन गुणा बढी विद्यार्थी भएमा वा माथिल्लो तह संचालन भएसम्भव भएसम्म थप दरबन्दी पाउन सक्नेछ ।

४.३ खण्ड ४ .१ मा जुनसुकै कुरा लेखिएको भए पनि नियमावलीमा व्यवस्था भएको शिक्षक विद्यार्थी अनुपातको २५ प्रतिसतवा स्थानिय तहमा हाल मौजुदा शिक्षक विद्यार्थी अनुपात मध्ये जुन कम हुन्छ सो भन्दा कम भएमा सोही अनुसार शिक्षक कायम गर्ने ।त्यसो गर्दा पर्न जाने कठिनाइलाई ध्यानमा राखी त्यस्ता विद्यालयलाई तह वा कक्षा घटाउने वा समायोजन तर्फ लैजाने व्यवस्था मिलाउने ।

४.४ भौगोलिक बिकटताको कारण तह वा कक्षा समायोजन र विद्य(ालय मर्ज गर्न नमिल्ने विद्यालयहरुमा बहुकक्षा शिक्षण पध्दति बमोजिम शिक्षण गर्ने व्यवस्था मिलाउने ।

४.५ दरवन्दी मिलानको कारण पठन पाठनमा असहज अवस्था सिर्जना भएमा आवस्यकता र औचित्यका आधारमा प्रारम्भिक बाल बिकास केन्द्र वा स्थानिय तह वाट शिक्षक अनुदान वा दुबै व्यवस्था गर्ने ।

४.६ दरबन्दी मिलान गर्दा सबै सामुदायिक विद्यालयको न्यूनतम विद्य(ार्थी संख्या र शिक्षक संख्या कायम गर्ने ।

## परिच्छेद-५
## शिक्षक व्यवस्थापन

५.१ दरवन्दी मिलान गर्दा कमि वा बढी हुने शिक्षकहरुको विद्यालयगत संख्या एकिन गरी सारांश तयार गर्ने ।

५ .२ शिक्षक कोटा बढी भएका विद्यालयबाट शिक्षक कोटा थप हुने विद्यालयहरुमा जान चाहने शिक्षकहरुबाट तोकिएको ढाँचामा स्वैच्छिक रुपमा निवेदन गर्न १५ दिनको सुचना टाँस गरी निबेदन संकलन गर्ने ।त्यसो गर्दा एक पटकका लागि अनिवार्य मिलानमा नपर्ने विद्यालयका शिक्षकहरुवाट समेत निबेदन लिन सकिने ।

५ .३ खण्ड ५. २ अनुसार प्राप्त निबेदनको छानबिन गरी उपयुक्ततासमेत हेरी स्थानान्तरण गर्ने ।यसरी शिक्षकको स्थानान्तरण गर्दा महिला,अपांग, ज्येष्ठताका आधारमा यथासक्य घरपायक वा पहिलो रोजाइको विद्यालयमा स्थानान्तरण गर्ने । श्रीमान् श्रीमती शिक्षकलाई पायक मिलाउने ।

५. ४ खण्ड ५ .३ अनुसार गर्दा कुनै विद्यालयमा आवस्यक भन्दा बढी र कुनै विद्यालयमा आवस्यक भन्दाकम निबेदन परेमा वा निवेदन नै नपरेमा समावेसीता , नियुक्तिको प्रकार, नियुक्ति मिति र केन्द्रको परिच्छेद ४ दफा ८ को आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

५.५ नियमावली अनुसार विद्यालयमा रहनु पर्ने न्यूनतम महिला शिक्ष( कको व्यवस्थालाई यथासम्भव लागू गर्ने ।

५.६ हाल रिक्त रहेका दरवन्दी एवं राहत कोटालाई यसैक्रममा मिलान गर्ने र पदपुर्तिका लागि सम्वन्धित इकाईमा अनुमति माग गर्न सिफारिस गर्ने ।

५.७ पुलमा रहेका प्रा. बि. शिक्षक वा कोटालाई नि .मा. वि. र मा. बि .मा मिलान गर्दा विद्यालयमा आवस्यक भएको बिषय र तह ख्याल गरी सकेसम्म विद्यालयको आवस्यकतालाई सम्बोधन गर्ने ।

५ .८ दरवन्दी मिलान पस्चात शिक्षकले आफु पदस्थापन भएको विद्यालयमा हाजिर हुने र त्यहि विद्यालयबाट तलब भत्ता पाउने । मिलानको क्रममा चौमासिक वा महिनाका हिसावले चानचुन दिन वा महिना को हिसाब पदस्थापन भएकै विद्यालयबाट हुने ।

५.९ दरवन्दी मिलानको कार्यावधिमा मन्त्रालय ,केन्द्र वा इकाईबाट दरबन्दी मिलान सम्बन्धि थप कुनैनीति निर्देशन वा कार्यविधि जारी भएमा सोहि अनुसार गर्ने गराउने ।

## परिच्छेद-६

## शक्षक दरवन्दी मिलान कार्यदलको गठन

६.१ शिक्षक दरबन्दी मिलान गर्नका लागि शिक्षक दरवन्दी मिलान कार्यदल गठन गर्न सकिनेछ ।
शिक्षक दरबन्दी मिलान कार्यदलमा देहायबमोजिम पदाधिकारीहरु रहने छन् ।

क. गाउँशिक्षा समितिका अध्यक्ष वा गाउँपालिका अध्यक्ष - संयोजक

ख. गाउँपालिका उपाध्यक्ष - सदस्य

ग .प्रमुख प्रशासकिय अधिकृत- सदस्य

घ .गाउँशिक्षा समितिका सदस्यहरु- सदस्य

ङ. शिक्षकका पेसागत संघ/संगठन मा आबद्ध स्थानिय तहका शिक्षक महासंघ, नेपाल राष्ट्रिय शिक्षक संगठन, नेपाल शिक्षक संघर अखिल नेपाल शिक्षक संगठनका अध्यक्ष वा प्रमुखको काम गर्न ताकिएको पदाधिकारी -सदस्य

च. शिक्षा अधिकृत - सदस्य सचिव

छ. शिक्षा शाखा स्रोतब्यक्ति , प्रा . स. - सदस्य

६.२ समितिको सचिवालयः

समितिको सचिवालय गाउँपालिकाको शिक्षा शाखामा रहने छ ।

६.३ समितिको सचिवालयका लागि आवस्यक पर्ने स्टेशनरी तथा कम्प्यूटर सम्बन्धी कामका लागि आवस्यक पर्ने बजेट तथा समितिका पदाधिकारिहरुको बैठक भत्ता लगायतका सुविधाका लागि बजेटको ब्यवस्था गाउँपालिकाले गर्नेछ ।

६.४ शिक्षक दरवन्दी मिलान कार्यदलको काम , कर्तब्यर अधिकार

क. अनुसुचि १ बमोजिमको ढांचामा शिक्षक दरबन्दी मिल( ानका लागि विद्यालयगत मौजुदा शिक्षक संख्या,दरवन्दी मिलानका लागि कायम हुने शिक्षक संख्यार थप दरबन्दिका लागि पुग्नुपर्ने न्युनतम विद्यार्थी संख्या एकिन गर्ने र अनुमोदनका लागि गाउँपालिकामा पेस गर्ने ।

ख. गाउँ कार्यपालिकाबाट स्वीकृत भई आएको दरबन्दी मिलानका लागि कायम गरिएको दफा ४.१र ४.२ बमोजिमको तहगत तथा बिषयगत शिक्षक संख्या अनुसूचि-२ बमोजिम को फारम बितरण गर्ने ।

ग. शिक्षकहरुबाट भरिएर आएका विद्यालय छनौट फारमहरु बिष्लेषण गरी दरबन्दी मिलानका क्रममा खटाइने विद्य( ालय र शिक्षकको नामावली विवरण सहित सिफारिस गर्ने ।

घ. गाउँपालिकाले दिएका निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

ङ. कार्यदलले आवस्यक अन्य मापदण्ड तय गर्न सक्ने ।

## परिच्छेद-७
## विविध :

७.१ कार्यविधिको ब्याख्याः यस कार्यविधिमा उल्लेखित कुनै विषयमा दिविधा उत्पन्न भएमा वा अस्पस्टता रहेमा त्यसको अन्तिम ब्याख्या गाउँपालिकाले गर्ने छ ।

७.२ कार्यविधि संसोधनः यस कार्यविधिका प्रावधानहरुमा गाउँकार्यपालिकाले आवस्यक संसोधन गर्न सक्ने छ ।

७.३ बाधा अड्काउफुकाउः स्थानिय सरकार संचालन ऐन २०७४ तथा अन्य ऐन ,नियम र नियमावलीमा ब्यवस्था भए बाहेकका बिषयमा नीतिगत निर्णय गर्न आवस्यक भएमा त्यस्तो निर्णय गाउँकार्यपालिकाले गर्ने छ ।

# शिक्षक दरबन्दी मिलान हालको शिक्षक संख्या र मिलान पछि कायम हुने शिक्षक संख्या विवरण २०७७

| | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा | हालको शिक्षक संख्या | | | | | | | | प्रा. वि. बाट कट्टी हुने | | प्रा. वि. मा कायम हुने | | प्रा. वि. बाट पुलमा आउने | | | | | | मिलानपछि कायम हुने शिक्षक संख्या | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रा. वि. | | नि. मा. | | मा. वि. | | उ. मा. | जम्मा | | | | | नि. मा. तर्फ | | | मा. वि. तर्फ | | | प्रा. वि. | | नि. मा. | | मा. वि. | | उ. मा. | जम्मा | |
| | | | | द | रा | द | रा | द | रा | | | द | रा | द | रा | द | रा | ज | द | रा | ज | द | रा | द | रा | द | रा | | | |
| १. | श्री सरस्वती प्रा. वि. | निस्दी-१ | १-५ | २ | १ | - | - | - | - | - | ३ | - | - | २ | १ | - | - | - | - | - | - | २ | १ | - | - | - | - | - | ३ | |
| २. | श्री राधाकृष्ण मा. वि | निस्दी-१ | १-१२ | ७ | - | ४ | - | ४ | १ | २ | १८ | ३ | - | ४ | - | - | - | - | - | - | - | ४ | - | ४ | - | ४ | १ | २ | १५ | |
| ३. | श्री सिर्जना प्रा वि. | निस्दी-१ | १-३ | १ | १ | - | - | - | - | - | २ | - | - | १ | १ | - | - | - | - | - | - | १ | १ | - | - | - | - | - | २ | |
| ४. | श्री बुद्धिविकास प्रा. वि. | निस्दी-१ | १-५ | ३ | - | - | - | - | - | - | ३ | - | - | ३ | - | - | - | - | - | - | - | ३ | - | - | - | - | - | - | ३ | |
| ५ | श्री लालिगुराँस प्रा. वि. | निस्दी-१ | १-५ | ३ | १ | - | - | - | - | - | ४ | १ | - | २ | १ | - | - | - | - | - | - | २ | १ | - | - | - | - | - | ३ | |
| ६ | श्री भगवती प्रा. वि. | निस्दी-१ | १-५ | ३ | - | - | - | - | - | - | ३ | - | - | ३ | - | - | - | - | - | - | - | ३ | - | - | - | - | - | - | ३ | |
| ७ | श्री बालहित प्रा. वि. | निस्दी-१ | १-५ | ३ | - | - | - | - | - | - | ३ | १ | - | २ | - | - | - | - | - | - | - | २ | - | - | - | - | - | - | २ | |
| ८ | श्री बाकागेझाछापडाँडा प्रा. वि | निस्दी-१ | १-५ | ३ | - | - | - | - | - | - | ३ | १ | - | २ | - | - | - | - | - | - | - | २ | - | - | - | - | - | - | २ | |
| ९ | श्री सुर्यकिरण प्रा. वि. | निस्दी-२ | १-५ | १ | १ | - | - | - | - | - | २ | - | - | १ | १ | - | - | - | - | - | - | १ | १ | - | - | - | - | - | २ | |
| १० | श्री भाङबारी प्रा. वि. | निस्दी-२ | १-५ | ४ | - | - | - | - | - | - | ४ | १ | - | ३ | - | - | - | - | - | - | - | ३ | - | - | - | - | - | - | ३ | |
| ११ | श्री पुरान्थर प्रा. वि. | निस्दी-२ | १-५ | ४ | - | - | - | - | - | - | ४ | २ | - | २ | - | - | - | - | - | - | - | २ | - | - | - | - | - | - | २ | |
| १२ | श्री अंशुवर्मा मा. वि. | निस्दी-२ | १-११ | ६ | - | - | ४ | - | ३ | - | १३ | - | - | ६ | - | - | - | - | - | - | - | ६ | - | - | ४ | - | ३ | - | १३ | |
| १३ | श्री बालहित मा. वि. | निस्दी-२ | १-१२ | ५ | - | ३ | - | ५ | - | - | १३ | १ | - | ४ | - | १ | - | १ | - | - | - | ४ | - | ४ | - | ५ | - | - | १३ | |
| १४ | श्री पृथ्वी प्रा. वि. | निस्दी-३ | १-५ | २ | १ | - | - | - | - | - | ३ | २ | - | - | १ | - | - | - | - | - | - | - | १ | - | - | - | - | - | १ | |
| १५ | श्री लक्ष्मी प्रा. वि. | निस्दी-३ | १-५ | ३ | - | - | - | - | - | - | ३ | - | - | ३ | - | - | - | - | - | - | - | ३ | - | - | - | - | - | - | ३ | |
| १६ | श्री जनक प्रा. वि. | निस्दी-३ | १-५ | ३ | - | - | - | - | - | - | ३ | १ | - | २ | - | - | - | - | - | - | - | २ | - | - | - | - | - | - | २ | |
| १७ | श्री जनक आ. वि. | निस्दी-३ | १-८ | ४ | १ | - | - | - | - | - | ५ | १ | १ | ३ | - | २ | २ | - | - | - | - | ३ | - | २ | २ | - | - | - | ७ | |
| १८ | श्री जनक मा. वि. | निस्दी-३ | १-१० | ४ | १ | - | ४ | १ | - | - | १० | - | - | ४ | १ | - | - | - | १ | - | १ | ४ | १ | - | ४ | २ | - | - | ११ | |
| १९ | श्री लक्ष्मी मा. वि. | निस्दी-३ | १-११ | ५ | २ | १ | २ | - | ३ | - | १३ | - | १ | ५ | १ | १ | - | १ | - | - | - | ५ | १ | २ | २ | - | ३ | - | १३ | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | श्री नवदुर्गा प्रा. वि. | निस्दी-३ | १-५ | १ | ३ | - | - | - | - | - | ४ | १ | १ | - | २ | - | - | - | - | - | - | - | २ | - | - | - | - | - | २ | |
| २१ | श्री शिवशंकर प्रा वि | निस्दी-३ | १-२ | २ | - | - | - | - | - | - | २ | १ | - | १ | - | - | - | - | - | - | - | १ | - | - | - | - | - | - | १ | |
| २२ | श्री मुना प्रा. वि. | निस्दी-३ | १-२ | २ | - | - | - | - | - | - | २ | १ | - | १ | - | - | - | - | - | - | - | १ | - | - | - | - | - | - | १ | |
| २३ | श्री जनप्रिय मा. वि. | निस्दी-४ | १-१० | ४ | १ | - | - | - | - | - | ५ | - | १ | ४ | - | २ | २ | ४ | १ | - | १ | ४ | - | २ | २ | १ | - | - | ९ | |
| २४ | श्री जनकल्याण आ. वि. | निस्दी-४ | १-८ | ४ | १ | - | - | - | - | - | ५ | १ | १ | ३ | - | ३ | १ | ४ | - | - | - | ३ | - | ३ | १ | - | - | - | ७ | |
| २५ | श्री जीवनज्योति आ. वि. | निस्दी-४ | १-८ | ४ | २ | - | - | - | - | - | ६ | १ | २ | ३ | - | २ | २ | ४ | - | - | - | ३ | - | २ | २ | - | - | - | ७ | |
| २६ | श्री मित्याल आ. वि. | निस्दी-४ | १-८ | ३ | ३ | - | - | - | - | - | ६ | - | ३ | ३ | - | १ | ३ | ४ | - | - | - | ३ | - | १ | ३ | - | - | - | ७ | |
| २७ | श्री गोरीशंकर मा. वि. | निस्दी-४ | १-१२ | ६ | - | ३ | १ | ४ | १ | २ | १७ | २ | - | ४ | - | - | - | - | - | - | - | ४ | - | ३ | १ | ४ | १ | २ | १५ | |
| २८ | श्री गोरखनाथ आ. वि. | निस्दी-४ | १-८ | ५ | - | - | - | - | - | - | ५ | २ | - | ३ | - | २ | २ | ४ | - | - | - | ३ | - | २ | २ | - | - | - | ७ | |
| २९ | श्री जलदेवी आ. वि. | निस्दी-४ | १-८ | १ | ४ | - | - | - | - | - | ५ | - | २ | १ | २ | २ | २ | ४ | - | - | - | १ | २ | २ | २ | - | - | - | ७ | |
| ३० | श्री मोलादेवी आ. वि. | निस्दी-४ | १-८ | २ | २ | - | - | - | - | - | ४ | - | १ | २ | १ | १ | ३ | ४ | - | - | - | २ | १ | १ | ३ | - | - | - | ७ | |
| ३१ | श्री जनसेवा प्रा. वि. | निस्दी-४ | १-३ | २ | - | - | - | - | - | - | २ | १ | - | १ | - | - | - | - | - | - | - | १ | - | - | - | - | - | - | १ | |
| ३२ | श्री समाजज्योति प्रा. वि. | निस्दी-४ | १-४ | २ | - | - | - | - | - | - | २ | - | - | २ | - | - | - | - | - | - | - | २ | - | - | - | - | - | - | २ | |
| ३३ | श्री जनता मा. वि. | निस्दी-५ | १-१० | ५ | १ | - | ३ | १ | - | - | १० | - | १ | ५ | - | - | १ | १ | १ | - | १ | ५ | - | - | ४ | २ | - | - | ११ | |
| ३४ | श्री बृहस्पति प्रा. वि. | निस्दी-५ | १-५ | - | ३ | - | - | - | - | - | ३ | - | - | - | ३ | - | - | - | - | - | - | - | ३ | - | - | - | - | - | ३ | |
| ३५ | श्री जनता आ. वि. गेझा | निस्दी-५ | १-७ | ५ | - | - | - | - | - | - | ५ | २ | - | ३ | - | २ | - | २ | - | - | - | ३ | - | २ | - | - | - | - | ५ | |
| ३६ | श्री राइकोट आ. वि. | निस्दी-५ | १-८ | ६ | १ | - | २ | - | - | - | ९ | ३ | १ | ३ | - | १ | १ | २ | - | - | - | ३ | - | १ | ३ | - | - | - | ७ | |
| ३७ | श्री जनता आ. वि. पाक्दी | निस्दी-५ | १-८ | ४ | १ | - | - | - | - | - | ५ | १ | १ | ३ | - | २ | १ | ३ | - | - | - | ३ | - | २ | १ | - | - | - | ६ | |
| ३८ | श्री सरस्वती मा. वि. | निस्दी-५ | १-१२ | ६ | १ | ३ | - | - | ४ | २ | १६ | १ | १ | ५ | - | १ | - | १ | - | - | - | ५ | - | ४ | - | - | ४ | २ | १५ | |
| ३९ | श्री लाङघाली प्रा. वि. | निस्दी-५ | १-५ | १ | १ | - | - | - | - | - | २ | - | - | २ | १ | - | - | - | - | - | - | २ | १ | - | - | - | - | - | ३ | |
| ४० | श्री अकलादेवी प्रा. वि. | निस्दी-५ | १-५ | १ | १ | - | - | - | - | - | २ | - | - | २ | १ | - | - | - | - | - | - | २ | १ | - | - | - | - | - | ३ | |
| ४१ | श्री कमलादेवी प्रा. वि. | निस्दी-६ | १-५ | २ | २ | - | - | - | - | - | ४ | - | १ | २ | १ | - | - | - | - | - | - | २ | १ | - | - | - | - | - | ३ | |
| ४२ | श्री अकला आ. वि. | निस्दी-६ | १-६ | ३ | १ | - | - | - | - | - | ४ | १ | - | २ | १ | १ | - | १ | - | - | - | २ | १ | १ | - | - | - | - | ४ | |
| ४३ | श्री गोरखनाथ मा. वि. | निस्दी-६ | १-१० | ६ | २ | २ | १ | - | ३ | - | १४ | १ | १ | ५ | १ | १ | - | १ | - | - | - | ५ | १ | ३ | १ | - | ३ | - | १३ | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४४ | श्री सिन्दुर आ. वि. | निस्दी-६ | १-८ | ३ | २ | - | - | - | - | - | ५ | - | २ | ३ | - | १ | ३ | ४ | - | - | - | ३ | - | १ | ३ | - | - | - | ७ | |
| ४५ | श्री सृष्टि प्रा. वि. | निस्दी-७ | १-३ | १ | १ | - | - | - | - | - | २ | १ | - | - | १ | - | - | - | - | - | - | - | १ | - | - | - | - | - | १ | |
| ४६ | श्री मकुनादेवी प्रा. वि. | निस्दी-७ | १-५ | १ | २ | - | - | - | - | - | ३ | - | १ | १ | १ | - | - | - | - | - | - | १ | १ | - | - | - | - | - | २ | |
| ४७ | श्री जलदेवि प्रा. वि. | निस्दी-७ | १-५ | ३ | १ | - | - | - | - | - | ४ | - | १ | ३ | - | - | - | - | - | - | - | ३ | - | - | - | - | - | - | ३ | |
| ४८ | श्री मदनादेवी प्रा. वि. | निस्दी-७ | १-५ | ४ | - | - | - | - | - | - | ४ | १ | - | ३ | - | - | - | - | - | - | - | ३ | - | - | - | - | - | - | ३ | |
| ४९ | श्री प्रगति आ. वि. | निस्दी-७ | १-८ | ४ | २ | - | - | - | - | - | ६ | - | २ | ४ | - | १ | २ | ३ | - | - | - | ४ | - | १ | २ | - | - | - | ७ | |
| ५० | श्री जनप्रिय प्रा. वि. | निस्दी-७ | १-५ | ३ | - | - | - | - | - | - | ३ | - | - | ३ | - | - | - | - | - | - | - | ३ | - | - | - | - | - | - | ३ | |
| ५१ | श्री जनप्रिय मा. वि. | निस्दी-७ | १-१० | ५ | १ | - | ३ | - | - | - | ९ | - | १ | ५ | - | १ | - | १ | - | २ | २ | ५ | - | १ | ३ | - | २ | - | ११ | |
| ५२ | श्री सरस्वती मा. वि. | निस्दी-७ | १-१२ | ५ | १ | ३ | - | - | २ | - | ११ | - | १ | ५ | - | १ | - | १ | १ | - | १ | ५ | - | ४ | - | १ | २ | - | १२ | |
| ५३ | श्री सेरोदेवी प्रा. वि. | निस्दी-७ | १-५ | १ | १ | - | - | - | - | - | २ | - | - | २ | १ | - | - | - | - | - | - | २ | १ | - | - | - | - | - | ३ | |
| ५४ | श्री नवप्रतिभा प्रा. वि. | निस्दी-७ | १ | १ | - | - | - | - | - | - | १ | १ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | |
| | | | जम्मा | १७४ | ५० | १९ | २० | १५ | १७ | ६ | ३०१ | ३६ | २७ | १४१ | २३ | २९ | २५ | ५४ | ४ | २ | ६ | १४१ | २३ | ४८ | ४५ | १९ | १९ | ६ | ३०१ | |